संघीय संसद
प्रतिनिधि सभा, २०७९
दोस्रो अधिवेशन
बैठक संख्या - ४५

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल साउन २३ गते मंगलबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको ४:१० बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भ हुनासाथ आकस्मिक समय माग गर्नुहुँदै माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भएपछि सम्माननीय सभामुखले आज आकस्मिक समयमा सवैको प्रतिनिधित्व हुने गरी बोल्न समय व्यवस्थापन गरिएको व्यहोरा जानकारी गराउनु भयो ।

त्यसपछि निम्नलिखित माननीय सदस्यहरुले त्रिभुवन विमानस्थलबाट ठूलो मात्रामा सुन तस्करी भएको घटनाको छानविन गर्न उच्चस्तरिय छानविन समिति गठन गर्ने प्रस्ताव माथी मतदान गर्नुपर्ने र मतदान मार्फत उक्त छानविन समिति बनाउनु हुन्न भन्नेको बहुमत भयो भने नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले आफ्नो आन्दोलन बन्द गर्ने, देशैभरी आएको बाढी पहिरोले पुऱ्याएको जनधनको क्षतिका सम्बन्धमा, भारतको उत्तराखण्डमा आएको बाढीको कारण नेपाली नागरिकको ज्यान गएको लागायतका जनताको प्रत्यक्ष सरोकारको विषयमा सदनको अबरोधका कारण सरकारलाई प्रश्न गर्न नपाइएको सम्बन्धमा, सदनमा उठेका प्रश्नको निदान संविधान र नियमावलीको व्यवस्था अनुसार संवादबाट गर्नुपर्ने, पुर्व निर्धारित समयमै सभाको बैठक बस्नुपर्ने, सुन तस्करीको साथै झापाको चिया बगान गिरीबन्धुलाई हस्तान्तण गर्ने विषय, कोभिडको समयमा स्वास्थ्य सामाग्री खरिदमा गरिएको भ्रष्टाचार, नक्कली भुटानी शरणार्थी प्रकरणमा मुछिएका शिर्ष नेताहरुलाई पनि कानूनी दायरामा ल्याउनु पर्ने, जेठ ७ गते धनुषा जिल्लामा २२ वर्षे महिलालाई दाइजो नल्याएको भनी हत्या गरिएको विषयमा दर्ता गरिएको मुद्दा फिर्ता लिन दवाव दिने प्रहरीलाई कानूनी दायरामा ल्याउनु पर्ने, समाजमा जातीय द्वन्द्व सिर्जना गर्ने अभिव्यक्ति दिनेलाई कुनैपनि बहानामा उन्मुक्ति दिन नहुने, तामाङ मगर समूदायको अपमान हुने अभिव्यक्ति दिनेलाई कारवाहीको माग गर्दै गरिएको आन्दोलनमा भएको प्रहरी दमनको छानविन हुनु पर्ने, कानून संशोधन गरेर भ्रष्टाचारीलाई कडा कारवाही गर्नुपर्ने, कुनैपनि बहानामा सदन अवरुद्ध हुन नहुने लगायतका विषयमा आ-आफ्नो भनाई राख्नुभयो:-

१. मा० श्री योगश कुमार भट्टराई
२. मा० श्री विश्व प्रकाश शर्मा
३. मा० श्री देवेन्द्र पौडेल
४. मा० श्री रवि लामिछाने
५. मा० श्री राजेन्द्र प्रसाद लिङ्देन
६. मा० श्री राज किशोर यादव
७. मा० श्री मेटमणि चौधरी
८. मा० श्री अनिता देवी
९. मा० श्री राम प्रकाश चौधरी
१०. मा० श्री लालबिर चौधरी
११. मा० श्री प्रेम सुवाल
१२. मा० डा० अमरेश कुमार सिंह

तत्पश्चात् माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्री श्री नारायणकाजी श्रेष्ठले आकस्मिक, शून्य र अन्य समयमा सदनमा उठेका प्रश्नहरुको जवाफ दिनुभयो ।

तदुपरान्त नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भएपछि सम्माननीय सभामुखले कार्यसूची अनुसार बैठक अगाडी बढाउन सहयोग गर्न अनुरोध गर्नुभयो ।

त्यसपछि माननीय श्री महेश वर्तौलाले माननीय उपप्रधानमन्त्री तथा गृह मन्त्रीबाट प्रमुख प्रतिपक्षले माग गरे बमोजिम उच्चस्तरिय छानविन समिति गठन गर्ने प्रतिवद्धता सहितको जवाफ नआएको भन्नु भएपछि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिनु भयो ।

तत्पश्चात् सम्माननीय सभामुखले माननीय श्री रामहरि खतिवडालाई बोल्न समय उपलब्ध गराउनु हुँदा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिइ विरोध जनाउनु हुँदै होहल्लासहित नाराबाजी गर्न थाल्नु भएपछि सम्माननीय सभामुखले माननीय श्री रामहरि खतिवडालाई बस्न अनुरोध गर्नुभयो ।

तदुपारन्त सम्माननीय सभामुखले कार्यसूची अन्तर्गतको विषयलाई आगाडी बढाउन पटक पटक अनुरोध गर्नुहुँदा पनि नेपाल कम्युनिष्ट पार्टी (एमाले) का माननीय सदस्यहरुले होहल्ला र नारावाजी जारी राख्नु भएपछि सम्माननीय सभामुखले आजको बैठकको कार्यसूचीमा रहेको सम्पूर्ण कार्यक्रम सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु हुँदै बैठक २०८० साल साउन २४ गते बुधबार दिनको १:०० बजे बस्नेगरी स्थगित गर्नुभयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८० साल साउन २४ गते बुधबार दिनको १:०० बजे बस्नेगरी बैठक दिनको ६:३५ बजे स्थगित भयो ।

डा० भरतराज गौतम
संघीय संसदको महासचिव